नेपाल सरकार
गृह मन्त्रालय
# प्रहरी प्रधान कार्यालय
# केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स: ०१-४४१४३९१

पो.ब.नं. ४०७
महाराजगञ्ज, काठमाडौँ

## प्रेस विज्ञप्ती-१०३


### " सात करोडको जग्गा किर्ते गरि ठगी कार्यमा संलग्न व्यक्तिहरु पक्राउ "

शान्ता देवी लोहनी सपरिवार सहित विगत २४ वर्ष देखि जापानमा बसोबास गर्ने र बेला बखतमा मात्र नेपाल आउने क्रममा मिति २०६१।१०।१३ मा जिल्ला किर्तीपुर नगरपलिका, वडा नं २ स्थित रहेको कि.नं ३४४ को क्षे.फ. ३६१.९५ वर्गमिटर भएको जग्गा खरिद गरि पुन: जापान गई १९ मे २०२२ (२०७९ /०२/०५) मा नेपाल आई मालपोत कार्यालय कलंकीमा मिति २०७९।२।१३ गते गई सक्कल पुर्जा देखाई online फोटो खिची Finger Print दिई बायोमेट्रीक प्रणाली मार्फत अभिलेखन गर्ने क्रममा मालपोत कार्यालय, कंलकीले सो जग्गा शान्ता देवी लोहनीको नामबाट मृत्यु नामसारी भई मिति २०७७।९।१५ गते निजको श्रीमान् तारानिधि लोहनीको नाममा गएको र त्यस पश्चात पनि उक्त जग्गा निज तारानिधि लोहनीको नामबाट मिति २०७७।११।१० गते विक्री भई सुनिता कर्माचार्यको नाममा गई सकेको व्यहोरा जानकारी गराएकोले उक्त जग्गा सक्कल जग्गाधनी प्रमाण पुर्जा बिना नक्कली तारानिधी लोहनीले श्रीमती शान्ता देवी लोहनीको मिति २०७७/०५/१३ गते कालगतिले मृत्यु भएको र निजको शेषपछिको हकवाला निजको श्रीमान् म तारानिधि लोहनी हुँ भनि शान्ता देवी लोहनीको किर्ते मृत्यु दर्ताको प्रमाणपत्र, नाताप्रमाणितको प्रमाणपत्र, तारानिधि लोहनीको नामको नक्कली नागरिकताको प्रमाणपत्र लगायतका किर्ते कागजातहरु बनाई सोही किर्ते कागजात मालपोत कार्यालय, कलंकीमा पेश गरी उक्त जग्गा मिति २०७७।९।१५ गते शान्ता देवी लोहनीको नामबाट नक्कली तारानिधि लोहनीको नाममा मृत्यु नामसारी गरी लिए पश्चात निज नक्कली तारानिधि लोहनीले सो जग्गा जिल्ला भक्तपुर, भक्तपुर न.पा. - ११ बस्ने **सुनिता कर्माचार्य**लाई रु ३,७०,००,०००।– (अक्षेरुपी रु तीन करोड सत्तरी लाख मात्र ) मा मिति २०७७।११।१० गते मालपोत कार्यालय, कलंकीबाट विक्री गरि सकेको हुदाँ वास्तविक जग्गा धनी शान्ता देवी लोहनीले लिखत/ ठगी सम्बन्धी कसूर मुद्दामा अनुसन्धानको लागि यस ब्यूरोमा मिति २०७९ /०३/०१ गते जाहेरी दरखास्त दिए पश्चात अनुसन्धानको क्रममा जिल्ला दार्चुला, साविक उकु गाविस वडा नं ६ हाल मालिकार्जुन गा पा-७ घर भई हाल काठमाण्डौ जिल्ला, टोखा नगरपालिका-८ बस्ने वर्ष ५२ को महावीर चन्दले उल्लेखित आपराधिक कार्यमा प्रयोग गर्नका निमित्त आफ्नो नाम तारानिधी लोहनी उल्लेख गरि जिल्ला प्रशासन कार्यालय, लमजुङ उल्लेख गरिएको ४२५६/४०७ नं भएको किर्ते नागरिकताको प्रमाण पत्र बनाई **(रु सात करोड बारबरकोको जग्गा)** किर्ते गरी ठगी गर्ने कार्यमा संलग्न निज समेत निम्न व्यक्तिहरुलाई मिती २०७९/०३/०१ गते काठमाण्डौका विभिन्न स्थान र चितवनबाट पक्राउ गरि आवश्यक कानूनी कारवाही भईरहेको व्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो


## पक्राउ भएका व्यक्तिहरुको विवरण :

१) **नाम थर:- महावीर चन्द**



**वतन :-** जिल्ला दार्चुला, साविक उकु गाविस वडा नं ६
हाल मालिकार्जुन गा पा-७ घर भई हाल काठमाण्डौ जिल्ला,
टोखा नगरपालिका-८ बस्ने
**वर्ष:-**५६
**भुमिका:- नक्कली तारानिधि लोहनी**
**पक्राउ मिति:-** २०७९/०३/०१
**पक्राउ स्थान:-** मनमैजु, काठमाण्डौं

२) **नाम थर:-गणेश बहादुर खनाल**



**वतन :-** जिल्ला सिन्धुपाल्चोक, थकनी गा.वि.स. ३, हाल मेलम्ची न.पा. ४
घर भई हाल ल.पु सुनाकोटी बस्ने


**वर्ष:-** ४१
**भुमिका:- मुख्य योजनाकार/खरिद कर्ता खोज्ने र आर्थिक कारोबार व्यवस्थापन**
**पक्राउ मिति:-** २०७९/०३/०१
**पक्राउ स्थान:-** भरतपुर, चितवन

३) **नाम थर:-बाबुराम कार्की**



**वतन :-** जिल्ला सोलुखुम्बु साबिक नेले गा.वि.स. ४ हाल परिवर्तित थुलुङ दुधकोशी गा.पा.
१ घर भई बुढानिलकण्ठ नपा - २, भंगाल, काठमाण्डौं बस्ने
**वर्ष:-** ४०
**भुमिका:- मुख्य योजनाकार/नक्कली कागजातहरु बनाउने मिलाउने र मालपोत समन्वय कर्ता**
**पक्राउ मिति:-** २०७९/०३/०१
**पक्राउ स्थान:-** भरतपुर, चितवन

४) **नाम थर:- प्रेम प्रसाद खनाल**



**वतन :-** जिल्ला नुवाकोट, साविक दाङसिङ गाविस-८ हाल परिवर्तित तारकेश्वर गापा-१ घर भई
हाल काठमाण्डौ महानगरपालिका-१६, बनस्थली बोहराटार बस्ने
**वर्ष:-**४६
**भूमिका:- खरिद कर्ता खोज्ने , मध्यस्थकर्ता (विचौलिया)**
**पक्राउ मिति:-** २०७९/०३/०१
**पक्राउ स्थान:-** बनस्थली, काठमाण्डौं

५) **नाम थर:- ममता भन्ने डासी माया श्रेष्ठ**



**वतन :-** जिल्ला काठमाण्डौ, साविक काभ्रेस्थली गाविस-६ हाल परिवर्तित तारकेश्वर नपा - २,घर भई काठमांडौ महानगरपालिका-१६, बनस्थली बस्ने

**वर्ष:-** ५८

**भूमिका:- खरिद कर्ता खोज्ने , मध्यस्थकर्ता (विचौलिया)**

**पक्राउ मिति :-२०७९/०३/०१ गते**

**पक्राउ स्थान:-बनस्थली, काठमाण्डौं**

## बरामद भएका सामानहरु

- विभिन्न व्यक्तिहरुका नाममा जारी गरिएका नक्कली नेपाली नागरिकताका प्रमाणपत्र थान -४
- नक्कली तारानिधी लोहनीको नामको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी थान-१
- अन्य व्यक्तिको नामको नक्कली जग्गाधनी पुर्जा, लिखतको प्रतिलिपि, ना.प्र. प. को छाँयाकपी जग्गा धनि पुर्जाको छाँयाकपी थान - ७
- विभिन्न व्यक्तिको नाममा जारि भएका जग्गा धनि दर्ता श्रेस्ता पुर्जा तथा जग्गाको नक्साको छायाँकपी थान -१२
- विभिन्न व्यक्तिहरुको अटो तथा पासपोर्ट साइजको फोटो थान -६०
- विभिन्न कम्पनीका मोबाइल सेटहरु थान -१४
- विभिन्न सेवा प्रदायकहरुको सिम कार्ड थान -२९ (तारानिधिको नामको सिम समेत)

**पुनश्च:-** विभिन्न स्थानका अन्दाजी ४ विघाहा जग्गाहरु बिभिन्न किर्ते कागजातहरुको आधारमा नक्कली कम्पनी तथा जग्गा धनिहरु समेत खडा गरि विक्री तथा धितो बन्धक राखी विभिन्न व्यक्तिहरुलाई ठगी गर्ने तयारी गरेको पाइएको।

उप-निर्देशक
(श्याम कुमार महतो)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर ९८५१२९१३११

मिति: २०७९/०३/०५ गते।

Website: www.nepalpolice.gov.np. E-mail: cib spokesperson@nepalpolice.gov.np, cib@nepalpolice.gov.np